“समद्ध राप्ती सोनारीको आधार, शिक्षा, स्वास्थ्य, कृषि पर्यटन र दिगो पुर्वाधार”

# राप्ती सोनारी गाउँपालिकाको सामाजिक परीक्षण २०७९/०८०

## प्राविधिक प्रतिबेदन




**आयोजक**

राप्ती सोनारी गाउँपालिका, बाँके

**सहजिकरण**

बास, नेपाल नेपालगन्ज

# राप्ती सोनारी गाउँपालिकाको सामाजिक परीक्षण २०७९/०८०

## प्राविधिक प्रतिबेदन

### १. सहजिकरण गर्ने संस्थाको परिचय :-

बास नेपाल बिगत २४ बर्ष देखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल गैर सरकारी संस्था हो । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा व्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा क्रियाशिल रहँदै आएको छ । ७७ जिल्ला शाखा, २० उपशाखा, १०० ईकाई र ५००० बढी युवाहरु आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सामाजिक सद्भाव, सामुदायिक सुरक्षा, युवा सशक्तिकरण, स्वयंसेवा, बाल अधिकार, बाल संरक्षण, लैंगिक हिँसा न्यूनिकरण, सामुदायिक सशक्तिकरण, सञ्चार र संस्थागत बिकासका क्षेत्रमा काम गर्दै आईरहेकोछ । बास भ्रष्टाचार बिरुद्धको बिश्वव्यापी संस्था ट्रान्सपरेन्सी ईण्टरनेशन नेपालको आबद्ध संस्था हो ।

समाज कल्याण परिषद काठमाण्डौं, ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपाल काठमाण्डौं, गो-गो फाउण्डेसन, गैर सरकारी संस्था महासंघ नेपाल, गैर सरकारी सँस्था नेटवर्कमा आबद्ध यस संस्थाले बिभिन्न सरकारी निकाय, गैरसरकारी संघ, संस्था तथा अन्तराष्ट्रिय संघ, संस्था, स्थानीय सरकार, निजी क्षेत्रसँगको सहकार्य र सहयोगमा काम गरिरहेको छ ।

### २. सामाजिक परीक्षणको पृष्टभूमी :-

स्थानीय सरकार भनेको गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समिति बुझिन्छ । लामो समयको अन्तराल पछि मुलुकमा स्थानीय तह, प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन भई जनताले आफ्ना प्रतिनिधि पाएका छन् । लामो समयको अन्तराल पछि मुलुकमा भएको राजनीतिक परिवर्तन संगै जनताका अपेक्षा धेरै छन्, राज्यले सम्बोधन गर्न सकिरहेको छैन । नेपालमा सुशासन स्थापनाका लागि स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहँदै आएको छ । नेपालको संविधान, २०७२ मा वहुसंख्यक ग्रामीण जनताको हितलाई ध्यानमा राखी ग्रामीण विकासको गतिलाई तीव्रतर बनाउँदै लैजाने नीति राज्यले अवलम्वन गरेको र संविधानमै स्थानीय तहमा साधन श्रोत परिचालन, अधिकार र जिम्मेवारी निक्षेपण हुने व्यवस्था रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि जनसहभागिता, जनउत्तरदायी, पारदर्शी स्थानीय शासनको परिकल्पना गरेको छ । त्यसैगरी सुशासन प्रबर्द्धन रणनिति तथा कार्ययोजना २०७४ मा स्थानीय सरकारलाई धेरै अधिकारहरु प्रत्यायोजन गरिएको छ । जस अर्न्तगतको भाग ३ मा सुशासन व्यवस्थापन कार्यबिधि, सार्वजनिक सुनुवाई कार्यबिधि, सामाजिक परिक्षण तथा सार्वजनिक परीक्षण कार्यबिधि स्थानीय तह आफैले निर्माण गरि लागु गर्नु पर्ने व्यवस्था गरेकोछ । उक्त कार्ययोजनामा हरेक स्थानीय तहहरुले आफुले संचालन गरेका कार्यक्रमहरुको पारदर्शिता, जवाफदेहिता, सूचनाको हक र जनसहभागितालाई प्रबर्द्धन गर्नका लागि सामाजिक परिक्षण गर्नुपर्ने कुरालाई समेत उल्लेख गरिएकोछ ।

सार्वजनिक निकायको जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई नै सामाजिक परीक्षण भनिन्छ । सँघ, सँस्था, निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन कार्य सामाजिक परीक्षण हो । सार्बजनिक दायित्व निर्बाह गर्नु पर्ने व्यक्ति वा निकायले काम गर्दा अपनाउने प्रकृया, कार्यक्रमको श्रोत परिचालनको नियमितता, कामको प्रभाबकारिता, सान्दर्भिकता तथा कार्यदक्षताका बारेमा सरोकारवाला समक्ष पारदर्शी र जवाफदेही ढँगबाट प्रस्तुत हुने कार्य सामाजिक परीक्षण हो । सेवाग्राही, सेवाप्रदायक/व्यवस्थापकीय पक्ष तथा सरोकारवालाहरुको धारणाका आधारमा गरिने विश्लेषणात्मक लेखाजोखा गर्ने र समुदायले महसुस गरेको उपलब्धि, अनुभव, बुझाई र दृष्टिकोण थाहा पाउने एक प्रजातान्त्रिक प्रक्रिया सामाजिक परीक्षण हो । सेवा प्रदान गर्ने संस्थाको जवाफदेहिता र पारदर्शितको मापन गर्ने पद्धति, सेवा प्रवाहको उपलब्धि, परिवर्तन तथा सुधार गर्नु पर्ने पक्षहरुको तेस्रो पक्षद्वारा गरिने लेखाजोखा र बिश्लेषणनै सामाजिक परीक्षण हो ।

स्थानीय तहले एक आर्थिक बर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि बर्षमा एक पटक सामाजिक परिक्षण गर्नु पर्ने प्राबधान सरकारले अगाडि सारेको छ । स्थानीय तहले एक आर्थिक वर्ष भरी सम्पन्न गरेका समग्र योजना तथा कार्यक्रमको सामाजिक परीक्षण अर्को आर्थिक वर्षको पहिलो चौमासिक भित्र गरिसक्नु पर्ने कानुनी प्राबधान छ । स्थानीय तहले एक आर्थीक बर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई ब्यवस्थित गर्न **स्थानीय तह सार्वजनिक जवाफदेहिता प्रबर्द्धन कार्यबिधि (नमुना मस्यौदा) २०७७ तयार गरेको** । उक्त नमुना कार्यबिधिको आधारमा **राप्ती सोनारी गाउँपालिकाले सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धिको कार्यविधि २०८०** बनाइ कार्यान्वयनमा ल्याएको छ । गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन कार्यविधि २०८० मा सामाजिक परीक्षणको ब्यवस्था गरेको छ । जसको प्रमुख उद्धेश्य भनेको स्थानीय सरकारको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्ग दर्शन गर्नु नै हो । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

स्थानीय सरकारको सामाजिक परीक्षण गर्दा योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थीक तथा सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याँकन गरिन्छ । जसले गर्दा सो निकायको पारदर्शिता झल्कनुका साथै कामको प्रभाव समेत बढ्दै जान्छ । यति मात्र नभएर कार्यक्रमको दिगोपना, जनताको भलाई र स्थानीय निकायको सबलिकरणका लागि पनि सामाजिक परिक्षण गर्न आवश्यक छ । सो कार्यक्रममा स्थानीय तहले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यबिधि अनुसार कार्य गर्न प्रोत्साहन दिईन्छ भने समावेशि र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न र लक्षित वर्गलाई ध्यान दिई सेवा प्रवाह

गर्नका लागि दायीत्वबोध गराउँछ । यि सबै कुराहरुको आत्मसाथ गर्दै राप्ती सोनारी गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सामाजिक परीक्षण कार्य सम्पन्न भएको छ ।

## ३. सामाजिक परीक्षणका उद्धेश्यहरु :


- स्थानीय तहलाई जनताप्रति जवाफदेहि बनाई स्थानीय निकायका सरकारका प्रतिनिधि र सर्वसाधारण नागरिक बिचमा विश्वासको वातावरण सिर्जना गर्ने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरिय बनाउने ।
- गाउँपालिकाले संचालन गरेका कार्यक्रमहरुको लक्ष्य, उद्धेश्य, बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चको सरोकारवालाहरुलाई जानकारी गराउने ।
- कार्यक्रम संचालन गर्दा प्राप्त चुनौती, उपलब्धि, सिकाई र श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिने ।
- गाउँपालिकाका गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरि भावि योजनाका लागि सुझाब संकलन गर्ने ।
- पालिकाको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थीक तथा सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याँकन गर्ने ।
- लक्षित उद्देश्य पूरा भए, नभएको, बजेट सहि रुपमा खर्च भए, नभएको समिक्षा गर्ने ।
- श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण दिने ।

## ४. स्थानीय सरकारमा सामाजिक परीक्षण किन ?

- स्थानीय सरकारले एक आर्थिक बर्षमा सम्पादन गरेका कार्यक्रम, सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि बर्षमा एक पटक सामाजिक परिक्षण गर्नु पर्ने प्रावधानलाई कार्यन्वयन गर्न ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ बमोजिम एक आर्थीक बर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्न ।
- राप्ती सोनारी गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्वन्धी कार्यबिधि २०८० अनुरुप सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई कार्यन्वयन गर्न ।
- योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थीक तथा सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याँकन गर्न ।
- कार्यक्रमको दिगोपना, जनताको भलाई र स्थानीय निकायको सवलिकरणका लागि ।

- स्थानीय निकायले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यबिधि अनुसार कार्य गरे, नगरेको बारे नागरिकहरुको अभिमत बुझ्न ।
- समावेशि र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न ।
- लक्षित वर्गलाई ध्यान दिई सेवा प्रवाह गर्नका लागि दायीत्वबोध गराउन ।

### ४.१ सामाजिक परीक्षणको औचित्य




## ५. सामाजिक परिक्षण गर्न अपनाईएका बिधि तथा प्रक्रियाहरु :

१. सन्दर्भ सामाग्री अध्ययन र समिक्षा ।

२. अन्तवार्ता ।

३. स्थलगत अवलोकन ।

४. समूह केन्द्रित छलफल ।

५. सूचनाहरुको संकलन तथा बिश्लेषण ।

६. प्रारम्भिक प्रतिवेदन तयारी ।

७. प्रतिबेदन प्रस्तुतीकरण तथा सामाजिक परीक्षण ।

७. अन्तिम प्रतिबेदन तयारी ।

## ६. सामाजिक परिक्षण अर्न्तगत अवलम्बन गरिएका बिधिहरुको बिस्तृतिकरण :

### ६.१ सन्दर्भ सामाग्री अध्ययन र समिक्षा :

सामाजिक परीक्षण कार्यक्रममा प्रस्तुत गरिने प्रतिबेदन तयारीका लागि गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रम र गतिबिधिहरुले पारेको सामाजिक प्रभावको अध्ययनका लागि गाउँपालिकाले प्रकाशन गरेका बुलेटिन, ब्रुसर, बार्षिक प्रतिवेदन, शाखागत प्रतिवेदन, योजना पुस्तक, वेवसाईट लगायतका सन्दर्भ सामाग्रि अध्ययन र समिक्षा गरिएको थियो ।

### ६.२ अन्तवार्ता :

सामाजिक परीक्षण कार्यक्रममा प्रस्तुत गरिने प्रतिवेदन तयारीका लागि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडा वध्यक्ष, शाखा प्रमुख र गाउँपालिकासँग सरोकार राख्ने बिभिन्न सरोकारवालाहरुको अन्तवार्ता लिईएको थियो ।

### ६.३ स्थलगत अवलोकन :

सामाजिक परीक्षणको क्रममा राप्ती सोनारी गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु र गाउँपालिकाद्धारा सञ्चालित विभिन्न योजनाहरुको स्थलगत अवलोकन गरिएको थियो । यसरी अवलोकन गरिएका योजनाहरुमा सडक, भवन निर्माण, वाल पर्खाल निर्माण, कृषि फारम, ग्राबेल र माटोपटान लगायतका थिए ।

### ६.४ समुह केन्द्रित छलफल :

सामाजिक परीक्षणको क्रममा गाउँपालिकाले सञ्चालन गरेका योजना स्थल र बिभिन्न वडाका टोलस्तरमा लक्षित समुह छलफल समेत गरिएको थियो ।

### ६.५ सूचनाहरुको संकलन तथा बिश्लेषण

सामाजिक परीक्षण अर्न्तगत सन्दर्भ सामाग्री अध्ययन, पालिकाको अन्लाईन साईट, वईबसाईट अवलोकन, अन्तरवार्ता, स्थलगत अवलोकन, कार्यालय अवलोकन, कार्यसम्पादन प्रतिवेदन, नीति, योजना तथा आयोजनाहरु, लेख तथा अनुसन्धान प्रतिवेदन, नागरिकहरुको अभिमत संकलन लगायत विभिन्न माध्यमहरुबाट संकलन गरिएका सूचनाहरुलाई बिश्लेषण गर्ने काम गरिएको थियो ।

### ६.६ प्रारम्भिक प्रतिवेदन तयारी :

सामाजिक परीक्षण अन्तरगत गरिएका सम्पूर्ण क्रियाकलापहरुको संकलित सूचनाहरुको बिश्लेषणको आधारमा सामाजिक परीक्षणको प्रारम्भिक प्रतिबेदन तयार गरिएको थियो । प्रतिवेदनमा अवलोकन, गाउँपालिकाका विभिन्न योजनाहरुको अध्ययन, समुह केन्द्रित छलफल, स्थानीय विज्ञ र स्थानीय संगको अन्तरवार्ता, नीति, नियम, बैठकको निर्णयबाट प्राप्त तथ्यहरु समेटिएको थियो । गाउँपालिकाको विधुतिय सेवाहरु र शाखाहरुको वारेमा जानकारी संकलन

गरिएको थियो । सामाजिक परीक्षकहरुबाट प्राप्त तथ्यहरुलाई प्रारम्भिक प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार पारिएको थियो ।

### *६.७ प्रारम्भिक प्रितिबेदन प्रस्तुतीकरण तथा छलफल २०८१ जेठ ६ गते :*

राप्ती सोनारी गाउँपालिकाको सामाजिक परीक्षण सम्पन्न भएको छ । बास नेपालको सहजिकरणमा गरिएको सामाजिक परीक्षण अर्न्तगत प्रारम्भिक प्रतिबेदन प्रश्तुतिकरण कार्यक्रम २०८१ बैशाख २६ गते सम्पन्न भएको हो । योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक तथा सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याँकन गर्नका लागि हरेक स्थानीय सरकारले अनिवार्य सामाजिक परीक्षण गर्नुपर्ने प्राबधान रहेको छ । स्थानीय सरकारले हरेक आर्थिक बर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि बर्षमा एक पटक सामाजिक परिक्षण गर्नु पर्ने प्राबधानलाई कार्यन्वयन गर्न, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ बमोजिम एक आर्थिक बर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्न, राप्ती सोनारी गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्वन्धिको कार्यबिधि २०८० अनुरुप सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई कार्यन्वयन गर्नका राप्ती सोनारी गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० मा सम्पन्न भएको योजना तथा कार्यक्रमको सामाजिक परीक्षण भएको हो ।

बास नेपालका कार्यक्रम प्रबन्धक तथा सामाजिक परीक्षक मन भण्डारीले सामाजिक परीक्षणको क्रममा गरिएको सन्दर्भ सामाग्री अध्ययन र समीक्षा, अन्तरवार्ता, स्थलगत अवलोकन, समूह केन्द्रित छलफल, संकलन, सूचनाहरुको संकलन तथा विश्लेषणको विधि र प्रक्रिया प्रयोग गरी तयार गरिएको प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रारम्भिक प्रतिवेदन प्रस्तुत पछि खुला छलफल भएको थियो । जनसहभागिताको कमी, योजनाहरुमा सूचना पार्टी कतिपय ठाउँमा नराखेको, हरेक वडामा विषयगत प्राविधिक नहुनु, दरबन्दी अनुसार कर्मचारीमा कमी, पालिकाका राम्रा अभ्यासहरु, मुख्य उपलब्धिहरु, समस्या तथा चुनौतीहरु, पालिकाले आगामी दिनमा ध्यान दिनुपर्ने कुराहरु लगायतका विषय प्रतिवेदनमा उल्लेख गरिएको थियो ।

प्रारम्भिक प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रममा बोल्दै राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष तप्त पौडेलले सामाजिक परीक्षणबाट प्राप्त तथ्यहरु र सुझाबलाई आधारमा आगामी योजना तर्जुमा गर्न सहज भएको उल्लेख गर्दै तत्काल कार्यान्वयन गर्न सकिने सुझावलाइ तत्काल र अन्य सुझावलाई आवश्यक्ताको आधारमा क्रमिक रुपमा कार्यान्वयन गर्ने बताएका थिए । सामाजिक परीक्षणले औल्याएका विषयगत शाखाहरुसंग सम्बन्धित समस्याहरुलाइ सुधार गर्न शाखाप्रमुखहरु र सम्बन्धित सरोकारवाला व्यक्तिले ध्यान दिनुपर्ने अध्यक्ष पौडेलको भनाइ थियो । कार्यक्रममा बोल्दै गाउँपालिकाका उपाध्यक्ष मनिषा सिंह थारुले सामाजिक परीक्षणका माध्यामबाट पालिकालाइ दिएको सुझावहरु महत्वपुर्ण भएको बताकी थिइन । प्रतिवेदनले पालिकाको समग्र क्षेत्रलाइ समेटेको बताउदै राम्रा विषयलाइ थप सुधार गर्नुपर्ने र सुधार गर्नुपर्ने विषयलाइ सुधार गर्नतर्फ सबैले जिम्मेवार भएकर लाग्नुपर्ने यनले सबैलाइ अनुरोध गरिन् । गाउँपालिकाका

प्रमुख प्रशासकिय अधिकृत दान बहादुर ऐडीले सामाजिक परीक्षणका माध्यमबाट गाउँपालिकालाई महत्वपूर्ण सुझाव प्राप्त भएको बताएका थिए । यस्ता बिधिहरुले स्थानीय सरकारको सेवा, योजना र कार्यक्रमको पारदर्शिता, जवाफदेहीता र सुशासन कायम गर्न मदत गर्ने र सेवाप्रदायकलाई थप जिम्मेवार बनाउने ऐडीको भनाइ थियो । प्रश्तुत प्रतिबेदनका बारेमा वडा नं. ७ का अध्यक्ष राम लखन थारु, वडा नं. ८ का अध्यक्ष सालिकाराम डाँगी, स्वास्थ्य शाखा प्रमुख देवेन्द्र कुमार केसी लगायतले आआफ्नो बिचार राखेका थिए ।

गाउँपालिका अध्यक्ष तप्त बहादुर पौडेलको अध्यक्षतामा भएको प्रारम्भिक प्रतिबेदन प्रश्तुतिकरण कार्यक्रम सामाजिक परीक्षक रबिन्द्र बोहराले सहजिकरण गरेका थिए । कार्यक्रममा जनप्रतिनिधि शाखा प्रमुखहरु, गैसस महासंघ नेपाल बाँकेका सदस्य तारा वली, टोलविकास संस्थाका अध्यक्ष तथा पदाधिकारीहरु लगायत ४८ जनाको सहभागिता रहेको थियो ।

*प्रारम्भिक प्रतिवेदन प्रस्तुतीकरण तथा छलफल  कार्यक्रम का झलकहरु :*



## ७. राप्ती सोनारी गाउँपालिका, बाँकेको परिचय :




राप्ती सोनारी गाउँपालिकाको कार्यालय



## ७.१ राप्ती सोनारी पालिकाको संक्षिप्त परिचय

यस गाउँपालिकाको पूर्वमा दाङ जिल्ला पर्दछ । पश्चिममा कोहलपुर नगरपालिका र डुडुवा गाउँपालिका पर्दछ । यस्तै उत्तरमा दाङ र सल्यान जिल्ला पर्दछन भने दक्षिणमा नरैनापुर गाउँपालिका र भारतको सीमाना रहेको छ । २०७३ सालमा साबिकका छ वटा गाविसहरू (खासकुश्मा, कचनापुर, बैजापुर, बिनौना, फत्तेपुर र महादेवपुरीलाई समायोजन गरी ९ वडामा विभाजन भई राप्ती सोनारी गाउँपालिका बनेको हो । गाउँपालिकाको पूर्व-पश्चिम लम्बाई करिब ५३.५ किलोमिटर रहेको छ भने उत्तर-दक्षिणको चौडाई करिब ४ कि.मि. अनुमान गरिएको छ । यसको कूल क्षेत्रफल १०४१.८२ वर्ग कि.मि. रहेको छ । राष्ट्रिय जनगणना (२०७८ अनुसार यहांको कूल जनसंख्या ६६,४४५ मध्ये पुरुष संख्या ३२,०१५ र महिला संख्या ३५७६७ रहेको छ । यो पालिका देशकै धैरै जनसँख्या भएको दोश्रो गाउँपालिका हो ।

नेपाल राज्यका सात प्रदेशमध्ये लुम्बिनी प्रदेशको पश्चिमी भेगको मूख्य केन्द्रका रूपमा बाँके जिल्ला रहेको छ । बाँके जिल्लाको दक्षिणी भाग भारतीय सीमानासँग जोडिएकोले यो जिल्लालाई प्रमुख व्यापारिक केन्द्रका रुपमा मानिन्छ । बाँके जिल्लाको दक्षिण भागमा तराईको समथर भूभाग र उत्तरी भागमा पूर्वपश्चिम फैलिएको चुरे श्रृङ्खला पर्दछ । भौगोलिक बनावटका दृष्टिले यस जिल्लालाई तीन भागमा विभाजन गर्न सकिन्छ ।

क. तराईको समथर भूमि

ख. उत्तरको भावर क्षेत्र

ग. चुरे पर्वत श्रेणी

जिल्लाको उत्तरीक्षेत्र भावर र चुरे पर्वत शृङ्खलामा पर्ने भएकोले यस क्षेत्रमा जनसंख्याको खास चाप नरहेको देखिन्छ । जिल्लाको कूल जमिनमध्ये अधिकांश भूभाग (करिब ७० प्रतिशत) औसत १ डिग्रीभन्दा कम भिरालो भएको क्षेत्रले ढाकेको छ भने चुरे क्षेत्रमा जमिन १२३६ मिटर उचाइँसम्म उठेको छ । तराईको भूभाग १२७ देखि २७५ मिटर उचाइँको बीचमा रहेको छ । बाँके जिल्लाका १ उपमहानगरपालिका, १ नगरपालिका र ६ वटा गाउँपालिकाहरूमध्ये राप्ती सोनारी पनि एक गाउँपालिका हो । बाँके जिल्लाका गाउँपालिका र नगरपालिका मध्ये सबैभन्दा बढी भूभाग यस गाउँपालिकाले ओगटेको पाईन्छ । गाउँपालिकाको उत्तर तर्फ चुरे क्षेत्रका ठूला पहाड र दक्षिण तर्फ साना साना पहाडहरु रहनुका साथै बीच भागबाट राप्ती नदी बगिरहेको छ । आफैमा एउटा सुन्दर उपत्यका देखिने यस गाउँपालिकाको उत्तरी क्षेत्रमा भावर र चुरे पर्वत श्रृङ्खलाकालाई समेटने गरी बाँके राष्ट्रिय निकुञ्ज पर्ने भएकाले यस क्षेत्रमा जनसङ्ख्याको खासै चाप नरहेको देखिन्छ । यस गाउँपालिकाको भौगोलिक अवस्थिति समुद्र सतहबाट १६६ मिटर उचाइँदेखि १२३६ मि उचाइँसम्म रहेको छ । यो गाउँपालिका **२८° १५' ००"** उत्तरी अक्षांस **८१° ७८' ००"** पूवी देशान्तरसम्म फैलिएको यस गाउँपालिका प्राकृतिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले निकै महत्त्वपूर्ण क्षेत्र मानिएको छ ।

## ७.२. गाउँपालिकाका उद्धेश्यहरु :

- लक्षित बर्गको उत्थान गर्ने ।
- पिछडीएका क्षेत्रहरुको आर्थिक र सामाजिक बिकासमा ध्यान दिने ।
- उपलब्ध स्रोत बिपन्न बर्ग सम्म उपलब्ध गराउने ।
- सहकार्य अभिबृद्धि गर्ने ।
- भौतीक पूर्वाधारको विकास, विस्तार र सुधार गर्ने ।
- स्थानीय सरकारी तथा गैससहरुको कार्य क्षमतामा अभिबृद्धि गरि सँस्थागत विकास गर्ने ।
- प्रभावकारी सुचना प्रवाह गर्ने ।
- स्वच्छ वातावरण कायम गर्ने ।
- सडक विस्तार तथा सरसफाईका लागि अभियान चलाउने ।
- सरसफाइ अभियान सञ्चालन गर्ने ।
- पालिकामा सुशासन कायम गर्ने ।
- नागरिकहरुका गुनासो सुनुवाई गर्ने ।
- बाल मैत्री, लैंगिकमैत्री शासनलाई कार्यन्वयन गर्ने ।
- सार्वजनिक निजी साझेदारी नीतिलाई लागू गर्न समन्वयकारी भूमिका निर्बाह गर्ने ।
- वडा कार्यालय तथा बिषयगत शाखाहरुको नियमित अनुगमन गर्ने ।

## ८. कर्मचारीको दरबन्दि तथा पदपुर्तिको स्थिती :

| क्र.सं. | पद | तह | सेवा | समूह | उप-समूह | स्वीकृत रवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्र. अधिकृत | ८ औं | प्रशासन | सा.प्र. | | १ | १ | ० | |
| २ | ईन्जिनियर | ७/८ औं | ईन्जि. | सिभिल | | १ | १ | ० | |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | | १ | १ | ० | |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ | १ | ० | |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सा.प्र. | | २ | १ | १ | |
| ६ | आलेप | ५ औं | प्रशासन | लेखा | | १ | १ | ० | |
| ७ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ४ | ० | ४ | |
| ८ | कम्प्यूटर अप्रेटर | ५ औं | विविध | विविध | | १ | १ | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | १ | ० | |
| १० | प्रा.स. | ५ औं | शिक्षा | शि.प्र. | | १ | १ | ० | |
| ११ | हे.अ. | ५/६ औं | स्वास्थ्य | हे.ई. | | १ | १ | ० | |
| १२ | सव-ईन्जिनियर | ५ औं | ईन्जि. | सिभिल | | १ | १ | ० | |
| १३ | अ.सव.ईन्जिनियर | ४ औं | ईन्जि. | सिभिल | | १ | १ | ० | |
| १४ | स.म.वि.नि. | ४ औं | विविध | विविध | | १ | १ | ० | |
| १५ | खा.पा.स.टे. | ४/५ औं | ईन्जि. | सिभिल | स्यानिटरी | १ | १ | ० | |
| | | | | | जम्मा | १९ | १४ | ५ | |
| वडा कार्यालय ९ वटा | | | | | | ० | ० | ० | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ४ | १ | ३ | |
| २ | सव-ईन्जिनियर | ५ औं | ईन्जि. | सिभिल | | ४ | ४ | ० | |
| ३ | सहायक | ४ औं | प्रशासन | सा.प्र. | | ५ | ५ | ० | |
| ४ | अ.सव.ईन्जिनियर | ४ औं | ईन्जि. | सिभिल | | ५ | ५ | ० | |
| | | | | | वडा कार्यालय जम्मा | १८ | १५ | ३ | |
| | | | | | कूल जम्मा | ३७ | २९ | ८ | |

**स्वास्थ्य तर्फ**

| क्र.सं. | पद | श्रेणी, तह | सेवा | समूह | दरबन्दी | पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सि.अ.हे.ब.अ. | छैठौं | स्वास्थ्य | हे.ई. | ५ | ५ | |
| २ | सि.अ.हे.ब. | पाँचौं | स्वास्थ्य | हे.ई. | १० | १० | |
| ३ | अ.हे.ब. | चौथो | स्वास्थ्य | हे.ई. | ६ | ४ | २ |
| ४ | ज.स्वा.नि. | छैठौं | स्वास्थ्य | हे.ई. | ३ | ३ | |
| ५ | हे.अ. | पाँचौं | स्वास्थ्य | हे.ई. | ३ | ३ | |
| ६ | अनमी | छैठौं | स्वास्थ्य | प.हे.न. | १ | १ | |
| ७ | अनमी | पाँचौं | स्वास्थ्य | प.हे.न. | ६ | १० | दरवन्दी बाहिर ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | जना |
| ८ | अनमी | चौथो | स्वास्थ्य | प.हे.न. | १ | १ | |
| ९ | कार्यालय सहयोगी | श्रेणी बिहीन | प्रशासन | प्रशासन | ३ | ३ | |

## ९.गाउँपालिकाको आ.व. २०७९/८० को वार्षिक  आय र खर्चको विवरण

| सि.न. | शिर्षक | कुल बार्षिक वजेट | प्रगती | |
|---|---|---|---|---|
| | | | खर्च | खर्च प्रतिशत |
| १ | चालु | **६९४१३६** | **५९८९८३** | **८६.२९** |
| २ | पुंजिगत | **२९२३६७** | **२१०८५५** | **७२.११** |
| | कुल जम्मा | **९८६५०३** | **८०९८३८** | **८२.०९** |

## ९.१ क्षेत्रगत बजेट बिनियोजनका आधारमा प्रगति विवरण

| **सि.नं.** | **क्षेत्र** | **विनियोजन** | **खर्च** | **खर्च (%)** |
|---|---|---|---|---|
| **१** | **आर्थिक विकास** | ६,५८,३५,८०५ | ३,९७,१२,४८६ | ६०.३२ |
| **२** | **सामाजिक विकास** | ५३,५४।४४।६७० | ४६,७७,६८,०६८ | ८७.३६ |
| **३** | **पूर्वाधार विकास** | १२,७२,६३,५०० | ९,५४,२५।०९५ | ७४.९८ |
| **४** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | १२,०१,३७,५२५ | ९२२२७८१८ | ७६.७७ |
| **५** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | १३,१६,१३,००० | ११,४१,२७,५१० | ८६.७१ |
| **कुल जम्मा** | | ९८,०२,९४,५०० | ८०,९२,६०,९७८ | ८२.५५ |

## ९.२ राजश्वतर्फ

| सि.नं. | आम्दानी शीर्षक | अनुमान | यथार्थ आम्दानी |
|---|---|---|---|
| १ | भुमिकर / मालपोत | १०००. | ३११२८.३६ |
| २ | वहाल कर | ५००. | १००७६.५५ |
| ३ | अन्य सेवा शुल्क (नदीजन्य पदार्थ बिक्रीबाट) | ११००००. | ३२७४४.४५ |
| ४ | सिफारिश दस्तुर | २०००. | ८०८.३९ |
| ५ | व्यक्तिगत घटना दर्ता दस्तुर | १००. | ५०. |
| ६ | नाता प्रमाणित दस्तुर | ५००. | १८३.६५ |
| ७ | अन्य दस्तुर | २५५०. | ४७७.७५ |
| ८ | प्रशासनिक दण्ड जरिवाना र जफत | ५००. | ४.२ |
| ९ | व्यवसाय कर | ६००. | २.२५ |
| १० | गत मौज्दात अल्या | ५२०००. | ५०४१०.७३ |
| जम्मा | | १६९७५०. | १२५८८६.३३ |

७४.१६%

## ९.आ.व. २०७९/८० मा योजना तथा पूर्वाधार शाखाबाट सम्पादित आयोजना तथा कार्यक्रमको एकिकृत भौतिक तथा वित्तीय प्रगतिको अवस्था :

| सि.नं | बजेट उपशिर्षक | बार्षिक लक्ष्य | | बार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | कूल आयोजना/ कार्यक्रम संख्या | बजेट | कार्यक्रम संख्या | खर्च | वित्तिय प्रगति | भौतिक प्रगति |
| १ | राप्तीसोनारी गाउँपालिका | १३९ | २०२११७ | ११२ | १४१८०२ | ७०.१६ | ८२.१२ |
| २ | राप्तीसोनारी गाउँपालिकावडा नं.१ | ३८ | १५५०३ | २४ | १००३७ | ६४.७४ | ६३.१६ |
| ३ | राप्तीसोनारी गाउँपालिकावडा नं.२ | ३४ | १६४४९ | २३ | १३०१५ | ७९.१२ | ६२.३५ |
| ४ | राप्तीसोनारी गाउँपालिकावडा नं.३ | ३६ | १४९०० | २३ | ८५८५ | ५७.६२ | ५९.१७ |

| सि.नं | बजेट उपशिर्षक | बार्षिक लक्ष्य | | बार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | कूल आयोजना/ कार्यक्रम संख्या | बजेट | कार्यक्रम संख्या | खर्च | वित्तिय प्रगति | भौतिक प्रगति |
| ५ | राप्तीसोनारी गाउँपालिकावडा नं.४ | ३४ | १३००६ | ३० | १०९४९ | ८४.१८ | ८५.०० |
| ६ | राप्तीसोनारी गाउँपालिकावडा नं.५ | ३९ | १४२८४ | २२ | ६१९९ | ४३.४० | ४९.४९ |
| ७ | राप्तीसोनारी गाउँपालिकावडा नं.६ | ५२ | १६५९५ | ३२ | ९८०३ | ५९.०७ | ५९.६२ |
| ८ | राप्तीसोनारी गाउँपालिकावडा नं.७ | ५३ | १७५८४ | ३४ | १०६१२ | ६०.३५ | ६४.१५ |
| ९ | राप्तीसोनारी गाउँपालिकावडा नं.८ | ४६ | १३७८० | २८ | ८८१९ | ६४.०० | ५५.८२ |
| १० | राप्तीसोनारी गाउँपालिकावडा नं.९ | ३३ | १३४८९ | २४ | ८५७७ | ६३.५९ | ७१.५२ |
| ११ | राप्तीसोनारी गाउँपालिका - शिक्षा | ३१ | ८६१९९ | १८ | ६६९२३ | ७७.६४ | ५४.९० |
| १२ | राप्तीसोनारी गाउँपालिका - स्वास्थ्य | २३ | १३६६२ | १४ | १०३६७ | ७५.८८ | ७७.२६ |
| १३ | राप्तीसोनारी गाउँपालिका - कृषि | १५ | १११५० | १३ | ७५८१ | ६७.९९ | ७६.६७ |
| १४ | राप्तीसोनारी गाउँपालिका - पशु | २२ | १०५०० | १३ | ४३०० | ४०.९५ | ४८.१८ |
| १५ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान)<br>**कार्यक्रम (शसर्त अनुदान)** | ७४ | ३४७८३४ | ६६ | ३३२११० | ९५.४८ | ९१.६८ |
| १६ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ६ | ८००० | ६ | ७४६६ | ९३.३३ | १०० |
| १७ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | २४ | ७७०० | २३ | ६९८३ | ९०.६८ | ९६.१४ |
| १८ | सडक बोर्ड नेपाल | ४ | ३०४३ | ४ | २२०० | ७२.३० | १०० |
| १९ | समपुरक आयोजना- प्रदेश | ३ | १५००० | ३ | ९९०३ | ६६.०२ | १०० |
| जम्मा | | ७०६ | ८४०७९५ | ५१२ | ६७६२३१ | ८०.४३ | ७३.५४ |

## १०. गाउँपालिकाको आ.व. २०७९/८० मा सम्पन्न मुख्य मुख्य कार्यहरु :

| सि.न. | विकास क्षेत्र | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | बाटो कालोपत्रे | मि. | २८४३ | |
| २ | बाटो ग्रावेल तथा स्तरोन्नती | मि. | ९८३७ | |
| ३ | नयाँ बाटो निर्माण (त्चबअप इउभल) | मि. | २८०० | |
| ४ | PCC बाटो | मि. | १६६७ | |
| ५ | कल्भर्ट (क्बिद/द्ययह) निर्माण | ओटा | ३ | |
| ६ | कल्भर्ट मर्मत | ओटा | १ | |
| ७ | नयाँ भवन निर्माण अन्य | ओटा | ९ | |
| ८ | बर्थिङ्ग सेन्टर | गोटा | २ | |
| ९ | नयाँ भवन निर्माण विद्यालय | ओटा | ५ | |
| १० | पुराना भवन मर्मत | ओटा | १२ | |
| ११ | भुयार थान निर्माण/मन्दिर/मस्जिद निर्माण | ओटा | ५ | |
| १२ | प्रतिक्षालय/चौतारी निर्माण | ओटा | ८ | |
| १३ | सार्वजनिक/सामुदायिक भवनमा शौचालय | ओटा | ३ | |
| १४ | पक्कि नाली | मि. | ४५८२ | |
| १५ | कच्ची नाली | मि. | १६०० | |
| १६ | पर्खाल निर्माण | मि. | ६६५ | |
| १७ | ग्याबिन जालीको काम | गोटा | ६६० | |
| १८ | ह्युम पाइप खरिद | गोटा | १२३ | |
| १९ | गेट निर्माण | ओटा | ५ | |
| २० | बोरिंग जडान | ओटा | ११ | |
| २१ | माटो पटान | घ.मि. | ५९६३ | |
| २२ | धारा वितरण | ओटा | ४५५ | |

| सि.न. | विकास क्षेत्र | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| २३ | कजबे/डाइभर्सन | ओटा | १ | |
| २४ | सिंचाई कुलो | मि. | ३८० | |
| २५ | चिलिंग मेसिन | गोटा | ५ | |
| २६ | विद्युत पोल, ट्रान्सफरमर तथा ब्याकअप | गोटा | १४६ | वडा+ गा.पा. |
| २७ | सोलार | गोटा | १ | |
| २८ | वैकल्पिक ऊर्जा:- सुधारिएको चुलो | गोटा | ३१८ | गा.पा. + सा.वन |
| २९ | जस्ता पाता खरिद तथा वितरण | बण्डल | ५५९ | वडा नं. १ र २ |
| ३० | IEE तथा DPR निर्माण | गोटा | १३ | |

## ११. आयोजना तथा कार्यक्रम सञ्चालन प्रकृया :

| ठेक्का-पट्टा | कोटेशन तथा परामर्श समेत | टोल विकास संस्था | अमानत | विद्यालय व्य.समिति | अन्य समिति/ संघ संस्था | कूल संख्या |
|---|---|---|---|---|---|---|
| १५ | ३९ | १५७ | १० | ४० | २५१ | ५१२ |

## १२. शाखागत रुपमा सम्पन्न भएका मुख्य कार्यक्रम तथा उपलब्धिहरु :

### १२.१ न्यायिक समिति :

| आर्थिक वर्ष २०७९/८० मा जम्मा दर्ता भएका निवेदन संख्या | निर्णय भएका निवेदन संख्या | जिल्ला अदालतमा सिफारिस गरिएका निवेदन संख्या | दरपिठ गरिएको निवेदन संख्या | हेर्न बाँकी निवेदन संख्या | सम्पर्क विहिन |
|---|---|---|---|---|---|
| २८ | १३ | ४ | ५ | ४० | २ |

१. आ.व. २०७९/०८० मा वडा नं ७ बाहेक सबै वडामा मेलमिलाप केन्द्र गठन गरिएको ।

२. मेलमिलाप कर्ताहरुलाई सुचिकृत गर्ने कार्य गरिएको ।

३. मेलमिलाप केन्द्र व्यवस्थापनका लागी आवश्यक फर्निचर र कार्यालय सञ्चालनका सामाग्री उपलब्ध गराइएको ।

४. सुचिकृत भएका मेलमिलापकर्ताहरुलाई मेलमिलाप सम्बन्धी क्षमता अभिबृद्धि सम्बन्धि तालिम सञ्चालन गरिएको ।

५. न्याय सम्पादन कार्यलाई जनताको सहज पहुच पुर्याउने उद्देश्यका साथ जनताको घर दैलोमै पुगेर न्याय सम्पादन गर्ने

कार्य गरेको ।

६ न्यायिक समितिलाई न्याय सम्पादनमा सहयोग पुर्याउने उद्बेश्यले न्याय कानून तथा मानव अधिकार पर्वद्बन शाखा खोली संन्चालनमा ल्याएको ।

## १२.२ सूचना तथा प्रबिधि शाखा :

- वेवसाईड नियमित अपडेट भईरहेको ।
- पालिकाको फेसबुक पेज सञ्चालनमा, नियमित सूचना प्रबाह, २१.५ के फ्लोअर्स भएको ।
- पालिका, सबै वडा कार्यालय, स्वास्थ्य संस्था र ८ वटा मा.बि.मा गरी १५ थान विधुतिय इ–हाजिरी सञ्चालनमा रहेको ।
- अनलाईन रिर्पोटिंग, माथिल्लो निकायमा समन्वय ।
- बिभिन्न निर्णय, प्रतिवेदन, नीति, कानुन र बिभिन्न जानकारीहरु वेवसाईडमा नियमित अपडेट
- एसएमएसका माध्यमबाट सूचना प्रबाह ।
- पालिकाको गुनासो माबाइल एप सञ्चालनमा आइ शाखागत गुनासोको ब्यवस्थापन ।
- ३ वटै भाषामा (नेपाली, थारु र अवधि) नागरिक वडापत्र ब्यवस्था ।
- बिभिन्न पार्टलमार्फत विवरण राख्न सकिने ।
- २० वटा जती साइटहरु सञ्चालनमा रहेको ।

## १२.३ आलेप शाखा :

- नियमित आन्तरीक लेखा परीक्षण ।
- मितव्ययिता, नियमितता, कार्यदक्षता र प्रभावकारितालाई ध्यान दिएर आलेप गरिने ।
- नियमितता, गणितीय शुद्धता, बजेट सिमा, आन्तरिक नियन्त्रण प्रणाली र कानुनको परिपालना जस्ता विषयलाई हेर्ने गरिएको ।
- बेरुजु फर्छ्यौटका लागी सम्बन्धित शाखाहरुलाई जानकारी र कागजातहरु संकलन कार्य गरिएको ।
- आलेप प्रतिबेदन तयार गरि पेश गर्ने गरिएको ।

## १२.४ स्वास्थ्य शाखा :

- ३९ जनालाइ प्रदेश स्वास्थ्य उपचार बिशेष आर्थिक सुबिधाको लागि सिफारिश गरिएको
- १५२ जनालाइ बिपन्न आर्थिक सहायता वितरण ।
- मिजल्स रुबेला महामारीको सफल ORI सञ्चालन गरि करिब १७,४५८ जनालाई खोप सेवा प्रदान ।
- फत्तेबाल आँखा अस्पतालको सहकार्यमा ३१५ जनाको मोतियाबिन्दुको सफल शल्यक्रिया ।

- बा-आमा स्वास्थ्य शिबिर संचालन गरि दुर दराजमा रहेको स्थानमा बिशेषज्ञ डा. मार्फत ७४२ जना व्यक्तिहरुलाई सेवा प्रदान गरेको ।
- महिलाहरुको पाठेघर सम्बन्धी बिशेषज्ञ स्वास्थ्य शिबिर संचालन गरि बाँके जिल्लामै पहिलो पटक संकास्पद क्यान्सर रोग सम्बन्धि १६८ जना महिलाको एब्ए स्मेर जांच गरि ८ जनाको समयमा नै निदान गर्न सफल तथा ६ जना महिलाहरुको पाठेघरको सफल अप्रेसन ।
- गर्भवती महिलाहरुलाई क्याल्सियम चक्की वितरण सुरु गरिएको ।
- **१२.५ शिक्षा शाखा :**

| सि.नं. | कार्यक्रमको नाम | कार्यक्रम संख्या | सम्पन्न संख्या | बार्षिक बजेट | खर्च | प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | वित्तिय % | भौंतिक % |
| १ | मूख्यमन्त्रि शैक्षिक सुधार कार्यक्रम | २२ | २१ | ६००० | ५३३८ | ८८.९७ | ९२.२७ |
| २ | राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम | ८ | ९ | १९९५० | १९७५४ | ९९.०२ | ९५.८८ |
| ३ | शसर्त अनुदान- संघ | १८ | १६ | २५०१३८ | २३८९९१ | ९५.५४ | ८८.८९ |
| ४ | गाउँपालिका बजेट (आन्तरी श्रोत समेत) | ३१ | १८ | ८६१९९ | ६६९२३ | ७७.६४ | ५४.९० |
| जम्मा | | ७९ | ६४ | ३६२२८७ | ३३१००६ | ९१.३७ | ८२.९८ |

## १२.५.१ शिक्षा शाखाका मुख्य उपलब्धिहरु :

- नियमित रुपमा  गाउँपालिकाका पदाधिकारी, वि.व्य.स. अध्यक्ष, प्र.अ. सहितका सरोकारवालाहरुसँग आवश्यक समन्वय, छलफल तथा अन्तरक्रिया ।
- शिक्षा ऐन निर्माण कार्यान्वयन ।
- शिक्षा नीति निर्माण ।
- विद्यालयमा विद्यार्थी सहजताको लागि ४ वटा समुदायिक विद्यालयमा बस कार्यक्रम सञ्चालन ।
- जनप्रतिनिधि र कर्मचारीबाट संयुक्त अनुगमन ।
- २०६ जना शिक्षक तथा कार्मचारीको व्यवस्थापनको लागि अनुदान व्यवस्थापन ।
- कक्षा १-३ को मुल्याङ्कन पुस्तिका तयारगरि लागु ।
- विद्यालय भौतिक सुधारका कार्यक्रम, शैक्षिक गुणस्तर सुधारका कार्यक्रय गरिएको ।
- न्युन दरबन्दी रहेका विद्यालयहरुमा गाउँपालिका शिक्षण अनुदानबाट शिक्षक व्यवस्थापन ।

- २०७९ देखि हाम्रो राप्ती सोनारी नामक स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन २०८० देखि पाठ्यपुस्तक लागु ।
- शिक्षण सहयता प्रणालीको लागि जनशक्ति व्यवस्थापन अवकास प्राप्त शिक्षकबाट ।
- प्राथमिक तहको दरबन्दी मिलान ।

## १२.६ महिला तथा बालबालिका शाखाका प्रमुख कार्यक्रमहरु :

- ३० जना अपाङ्गता भएका व्यक्तिहरुका लागि सिपमूलक तालिम सम्पन्न भएको र
- २० जना महिलाहरुलाई मखमलको जुत्ता, चप्पल बनाउने सिपमुलक तालिम सम्पन्न भएको ।
- ३० जना बाल क्लबहरुका लागि जीवन उपयोगि सिप विकास कार्यक्रम सम्पन्न भएको ।
- बाल विवाह, बाल यौन दुर्रव्यवहार, बाल श्रम, लागु औषध दुर्व्यसनि सम्वन्धी विभिन्न चेतनमुलक कार्यक्रम सम्पन्न ।
- बाल विवाह, बाल श्रम र अभिभावक विहिन बालबालिकाको तथ्याङ्क संकलन ।
- गाउँपालिका स्तरिय बाल क्लव पुर्नगठन गरिएको ।
- बाल कोष स्थापना गरिएको छ ।
- बिभिन्न दिवसहरु मनाउने काम भएको छ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाइ सहायता सामाग्री सहयोग गरिएको छ ।

## १२.७ प्रधानमन्त्री रोजगार कार्यक्रम

बाटो ६५६० मि.

नाली ६५६० मि.

खानेपानी पाइप विस्तार ७०० मि.

पर्खाल १८ मि.

### १२.७.१ कार्यक्रमका सकारात्मक प्रभाव तथा उपलब्धिहरु :

- प्राथामिकतामा परेका सुचिकृत बेरोजगारहरु कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालनमा काम बापत ज्याला पाएकोमा खुशि देखिएको ।
- कार्यक्रम प्रति समुदायको आशा र चासो बढेको ।
- छरिएर रहेका सामाजिक, आर्थिक रुपमा पछाडी परेका बर्गका घरपरिवारहरुलाई दैनिक गुजारा गर्न केही समयका लागी भएपनी सहज भएको ।
- स्थानीय स्तरमा भएका समस्याहरुलाई स साना सामुदायिक पूर्वाधारका माध्ययमवाट समाधान गरि आर्थिक विकासमा टेवा दिनुका साथै सामाजिक विकासमा सहयोग पुग्ने ।

- वैदेशिक रोजगारीमा जान चाहनेहरुका लागी व्यक्तिगत श्रम स्वीकृत र बैदेशिक रोजगारीमा जान चाहनेहरुका लागी सो सम्वन्धि ज्ञान तथा सहजीकरण गर्ने गरेको ।

## १२.८ गैसस तथा सहकारी शाखा मुख्य उपलब्धि :

- राप्ती सोनारी गाउँपालिकामा रहेका ४४ सहकारी संस्थाहरु मध्ये ३८ वटा सुचिकृत गरेको ।
- वित्तीय संस्था १० वटा सुचिकृत ,समुदायक बन २ वटा र बिमा १ वटा सुचिकृत भएको।
- ६६ औ सहकारी दिवसको अवसरमा बृहत रक्तदान कार्यक्रम गरी १२० पोका रगत संकलन ।
- ६६ औ सहकारी दिवस मनाउने काम भएको।
- सहकारी संस्थाको बिधान सम्सोधन ।
- खाद खरिद गरिने ७ वटा सहकारी संस्थामा अनुगमन गरीयो ।

## १२.९ गरिवी निवारणका लागि लघु उद्यम विकास शाखाका मुख्य उपलब्धिहरु :

- कार्यक्रमको उद्देश्य अनुसार लक्षित वस्ति छनौट गरिएको ।
- छनौट भएको २ वटा वडाको ४ वटा वस्तिमा सहभागितामुलक ग्रामिण लेखाजोखा कार्यक्रम संचालन भएको ।
- घरधुरी सर्वेक्षण फारम (A) र संभावित लघु उद्यमी फारम (B) बाट सहभागी छनौट गरी समुह गठन भएको ।
- उद्यमशिलता विकास तालिम संचालन गरी प्रत्येक सहभागीहरु लघु उद्यमी भई व्यवसाय संचालन गर्नुपर्दछ भन्ने तरिकाले सहभागीलाई जानकारी गराइयो र सीप विकास तालिमका लागि छनौट भएको ।
- छनौट भएको सीप विकास तालिम मध्ये लामो र मध्यम अवधिको सिलाईकटाई सीप विकास तालिम र छोटो अवधिको बेमौसमी तरकारी खेति सीप विकास तालिम सचालनका लागि आवश्यक तयारी भएको ।
- सीप विकास तालिम लिएका लघु उद्यमीहरुलाई आवश्यक सिलाई मेसिन,मोटर,टनेलहरु वितरण भएको ।
- स्तरोन्नतीका लागी आवश्यकता पहिचान गरीयो जसमा वडा नं.४ र ८ मा जम्मा ४५ जना उद्यमी मध्ये २१ जना उद्यमीहरुलाई एड्भान्स सिलाई कटाई तालिम र २४ जना उद्यमीहरुलाई प्रविधी हस्तान्तरण गरिएको ।

## १२.१० भूमि आयोग सेवा केन्द्र :

- भूमि आयोग सेवा केन्द्र वडा नं. ३ मा भूमिहीन दलित, भूमिहीन सुकुम्बासीहरुलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबसिलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि कूल ८८५ घरपरिवारलाई निस्सा वितरण गरिएको । जसमध्ये २४ जना भूमिहीन दलित, ३९ जना मध्ये २६ जना भूमिहीन सुकुम्बासी एवं ८२२ जना अव्यवस्थित बसोबासीहरुले भोगचलन गरेको ऐलानी जग्गा नापजाँच कार्य सम्पन्न ।
- साथै वडा नं. ३ कै करिव २२०० कित्ता जग्गाको Data Base तयार पारिएको ।
- आ.व.अन्त्य सम्म वडा नं. १ देखि ९ सम्मका वडाहरुको कूल १३०९५ लगत संकलन भएको ।

## १२.११ पशु सेवा शाखा :

- ८५,५०० पशुपंछीहरुलाई मेडिकल उपचार, माईनर सर्जिकल र गाईनोकोलोजिकल उपचार गरिएको ।
- ६२,९६१ ठूला-साना पशुहरुलाई स्वाइन फीवर, पि.पि.आर., खोरेत, चरचरे तथा रेवीज रोगको नियन्त्रण ।
- १९ ओटा ५०% बोयर क्रस बोका १ देखि ९ वडा सम्मका व्यवसायिक बाख्रा पालक कृषक तथा फर्महरुलाई वितरण ।
- २० घरपरिवार ओटा ५०% अनुदानमा घांस काटने मेशिन १ देखि ९ वडा सम्मका व्यसायीक कृषक तथा फर्महरुलाई वितरण ।
- वडा नं. १ देखि ९ वडा सम्मका कृषकहरुलाई औषधि वितरण गर्दा आवश्यक पर्ने उपचार कार्ड ८,००० प्रति छपाई गरिएको ।

### १२.११.१ मुख्य उपलब्धि :

- किसान कार्डबाट उपचार गर्दा औषधिमा सहजता ।
- राजस्व संकलनमा सहयोग पुगेको ।
- चारा मेसिन वितरण गर्दा किसानहरुलाई घाँस काटनमा सहज भई व्यवसायिक पशुपालनमा सहज भएको ।
- बोका वितरण कृत्रिम गर्दा नश्ल सुधार भएको ।
- शिविर संचालन गर्दा दुर्गम क्षेत्रका किसानहरुलाई औषधी उपचार सेवा प्रवाहा गरिएको ।
- भ्यासिनेसन कार्यक्रम संचालन गरि पशु जन्य सरुवा रोग रोगथाम गर्न सफल भएको ।
- पशु सेवा कार्यक्रम संचालन कार्यविधि (२०७९) निर्माण ।
- २. पशु विमा संचालन सम्बन्धी कार्यविधि (२०७९) निर्माण ।
- छाडा पशु चौपाया तथा गौशाला संचालन कार्यविधि (२०७९) निर्माण ।
- किसान सूचीकरण कार्याविधि (२०७९) निर्माण ।
- **१२.१२ कृषि शाखाका मुख्य कार्यक्रमहरु :**
- फलफूल कार्यक्रम अन्तरगत वडा १ देखि ९ का १६९४ घरधूरी कृषकहरुका लागि १३४ हेक्टर जग्गाको लागि लिचि, कागती आदी जस्ता १२००० विरुवा वितरण गरिएको ।
- क्यर्ष त्भकत मेशिन १ थान खरिद ।
- नयाँ मकैबाली पकेट विकास कार्यक्रम अन्तरगत ५०% अनुदानमा ७५ कृषक घरधूरीलाई २५ हे.जग्गामा मकै बाली उत्पादन तथा बृद्धिका लागि अनुदान ।
- धानबाली प्रबर्द्धन कार्यक्रम अन्तरगत ५०% अनुदानमा १२४३ कृषक घरधूरीलाई ३५ हे.जग्गामा धान बाली उत्पादनका लागि अनुदान ।

- धानबाली पकेट विकास कार्यक्रम अन्तरगतबाट ५०% अनुदानमा कृषक घरधूरी २० लाई २० हे.जग्गामा धान उत्पादनका लागि अनुदान ।
- साना सिंचाई आयोजना कार्यक्रमबाट १५२ कृषक घरपरिवारका लागि कृषि मोटर १३८ गोटा र सिचाई बोरिङ्ग १४ गोटा १५२ जना कृषकहरुलाई वितरण गरेको ।

## १३. सुशासन तथा जवाफदेहिता आँकलन :

- राप्ती सोनारी गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धिको कार्यबिधि २०८० निर्माण भइ कार्यान्वयनमा रहेको ।
- चौमासिक रुपमा पालिका स्तरि र वार्षिक रुपमा वडा स्तरिय सार्वजनिक सुनुवाइ कार्यक्रम हुने गरेको ।
- घुम्ति सार्वजनिक सुनुवाइ हुने गरेको ।
- सूचनाको हक सम्बन्धिको ऐन २०६४ ले व्यवस्था गरेअनुसार ३/३ महिनामा स्वत: प्रकाशन गर्ने गरिएको ।
- आ.व. २०७९/०८० र २०८०/०८१ मा १४ वटा ऐन, ४४ वटा कार्यबिधि, ४ वटा मापदण्ड, २ वटा नीति। ५ वटा योजना र २ वटा संहिता निर्माण भएको ।
- गुनासो मोबाइल एप सञ्चालनमा आएको ।
- मासिक आय व्याय विवरण सार्वजनिक गर्ने गरिएको ।
- हप्तामा शाखागत बैठक र मासिक कर्मचारी बैठक हुने गरेको ।
- गाउँपालिका अध्यक्ष र प्रप्रअ, प्रप्रअ र शाखा प्रमुख, शिक्षा शाखा प्रमुख र प्रअबिच कार्य सम्पादन सम्झौता भएको ।
- सचाना अधिकारी र प्रवक्तको फोटो सहितको फल्याक्स बनाइ सार्वजनिक स्थानमा टाँस गरिएको ।
- चौमासिक, अर्धवार्षिक र चौमासिक समिक्षा हुने गरेको ।
- प्रत्येक योजना, शाखागत कार्यक्रम, बिध्यालय र स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन ।

## १४. पालिकाले हासिल गरेका महत्वपुर्ण उपलब्धीहरु :

- आ.व. २०७९/८० मा १३७ वटा योजना टोल विकास संस्थाहरुसँग सम्झौता गरिएकोमा १५६ वटा योजनाहरु सम्पन्न गरी फरफारक गरिएको छ भने १ वटा योजना आगामी आ.व.मा भुक्तानी दिन बाँकी राखीएको छ । १५ वटा ठेक्का-पट्टा मार्फत सम्झौता भएको मध्ये १४ योजनाहरु सम्पन्न गरी फरफारक गरिएको छ । जस मध्ये १ वटा यस आ.व.को अन्त्यसम्म सम्पन्न हुन नसकि आगामी आ.व.का लागि क्रमागत आयोजनामा समावेश गरिएको छ ।

- नेपाल सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम अनुसार भूगोल र जनसंख्याको आधारमा ५ देखि १५ शैयाको अस्पताल निर्माणका लागि वडा नं. ४ को आधारभूत स्वास्थ्य चौकीलाई स्तरोन्नती गरि १५ शैयाको अस्पताल निर्माण गर्न आवश्यक जग्गा नि:शुल्क प्राप्त भै आ.व. २०७७/७८ बाट ठेक्का सम्झौता बमोजिम निर्माण कार्य शुरु भएको र गत: आ.व.को अन्त्य सम्म करिव ४५% भवन निर्माण कार्य सम्पन्न ।

- औद्योगिक ग्रामको लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग सम्झौता भइ DPR निर्माण कार्य सम्पन्न भएको ।
- यातायात गुरुयोजनाको DPR सम्पन्न ।
- आ.व. २०७९/८० मा २१ वटा कार्यविधि, ७ वटा ऐन, १ मापदण्ड, संहिता २ सहित कूल ३१ वटा कानून बनाइएको ।
- अध्यक्ष र प्र.प्र.अ. तथा प्र.प्र.अ र शाखा प्रमुखहरु बिच कार्यसम्पादन सम्झौता गरि कार्यालयको दैनिक कार्य सञ्चालन गरिएको ।
- विनौना वडा नं. ५ मा खेलमैदान र खेल मैदान भित्र पर्ने मुलद्वारमा पक्की गेट निर्माण कार्य सम्पन्न ।
- औद्योगिक ग्रामको DPR सम्पन्न ।
- भू-उपयोग नीति तथा कार्यक्रम निर्माण ।
- पूर्वाधार गुरु योजना निर्माण र MTEF निर्माण भएको ।
- गाउँपालिकाको क्षमता विकास योजना तयार भएको ।
- वडा कार्यालय नं. ३ को भवन निर्माण सम्पन्न ।
- वडा नं. ६ र ९ मा बर्थिङ्ग सेन्टर निर्माण सम्पन्न ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत ४ कोठे ३ र २ कोठे २ वटा विद्यालय भवन निर्माण सम्पन्न ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत रोजगारीका लागि १०४ जना सुचिकृत भै ७५ जना लाभान्वित भएको ।
- कालोपत्रे बाटो २८४३ मि., बाटो ग्राभेल तथा स्तरोन्नती ९८३७ मि., बाटो PCC १६६७ र नयाँ बाटो Track २८०० मिटर निर्माण सम्पन्न ।
- प्रदेश समपुरक अनुदान मार्फत १ वडा कार्यालय भवन र २ वटा सडक तथा सडक बोर्ड नेपाल र गाउँपालिकाको संयुक्त लगानीमा ४ वटा सडक निर्माण सम्पन्न भएको ।
- तराई-मधेश समृद्धि कार्यक्रम अन्तरगत लक्ष्मि मा.वि.कचनापुर- २ को छात्रबास निर्माण सम्पन्न ।
- प्रदेश विशेष अनुदान अनुदान अन्तरगत २ वटा आयोजना निर्माण सम्पन्न ।
- विभिन्न खोला-नालाहरुको ८ वटा IEE प्रतिवेदन निर्माण सम्पन्न ।
- हातिपाइले औषधि औषधि सेवनमा उत्कृष्ट भएको भन्दै मन्त्रालयबाट सममान प्राप्त ।

## १५. समपन्न योजना तथा कार्यक्रमहरुको केहि तस्वीरहरु :






















GIVE LIFE
2023/04/01 14:58



## १६ गाउँपालिकाका समस्या तथा चुनौतीहरु :

- प्राप्त कानुन नहुनु, भएका कानुनको प्रभावकारी कार्यान्वयन नहुनु ।
- बिकेन्द्रिकृत कानुनको अभाव ।
- लक्ष अनुसार विकास गर्न नसकिएको, शतप्रतिशत वजेट खर्च गर्न नसकिनु ।
- भौगोलिक दुरीको कारण विकास गर्न चुनौती ।
- नदीजन्य पदार्थ ब्यवस्थापन गर्न चुनौती ।
- प्रक्रिया पुरा नगरी मागहरु आउने समस्या ।
- समयमा निकासा नहुनु, भुक्तानीको लागि प्रक्रिया मिलाएर फाइल पेश नहुनु ।
- करको विषयमा जानकारी नहुनु ।
- कृषक र प्राविधिक विच समन्वयको अभाव, कृषी प्राविधिकको कमी ।
- कृषी पकेट कार्यक्रम प्रभावकारी नहुनु, कृषीमा गरिएको लगानी अनुसार प्रतिफल नहुनु ।
- जनताको असीमित आवश्कता र चाहनालाई सम्बोधन गर्ने श्रोतमा सीमितता रहनु ।
- कार्यालय तथा वडाहरुमा दरबन्दी अनुसार कर्मचारीको स्थायी पदपूर्ति गरी सेवा प्रवाह गर्न नसक्नु र भएका जनशक्तिको च्भ्नजत ऽबल ष्ल चष्नजत उबिअभ गर्न नसक्नु ।
- .समयमा योजना सम्पन्न गरी फरफारक गराउनु र तालुक मन्त्रालयहरुमा प्रगति विवरण पठाउनु
- संघ तथा प्रदेश सरकारबाट विनियोजित श्रोत समयमा प्राप्त नहुनु ।
- नदीजन्य पदार्थको समयमा ठेक्का नलाग्नु र सोको राजश्व तोकिएको समयमा उठनु ।
- गतः विगत आ.व.मा ठेक्का सम्झौता भएका विकास निर्माणका कामहरु कार्यान्वयनमा चुनौती ।
- शिक्षा क्षेत्रको बजेटको ठूलो हिस्सा पालिका अनुदानका शिक्षक शिक्षिकाको तलबमा खर्च हुनु ।
- विद्यालयको भौतिक संरचना सुधार गर्नु ।
- स्थानीय तहसंग समन्वय नगरी संघले योजना बनाउनु ।
- भूगोल र जनसंख्याका हिसाबले देशकै ठूलो गाउँपालिकाका लागि स्वास्थ्य तर्फ निशुल्क औषधीका लागि संघीय अनुदान अत्यन्त न्यून हुनु ।
- औषधीको आपुर्तीमा समस्या ।
- आधारभूत स्वास्थ्य सेवा केन्द्रका लागि हालसम्म दरबन्दी स्वीकृत हुन नसक्नु ।

- लक्षित वर्ग, केन्द्रित कार्यक्रमका लागि न्युन वजेट बिनियोजन हुनु, कार्यक्रम कटौती हुनु ।
- सामुदायिक वन र व्यापार व्यसाय दर्ता प्रक्रियामा नआउनु ।
- गाउँपालिका तथा अन्य निकायबाट दिइएको सीप विकास सम्बन्धी तालिमको यथोचित अनुगमन तथा प्रभावकारिता अध्ययन नहुनु ।
- सिक्टा सिंचाईको आधार क्षेत्र हुँदा पनि किसानलाई सिंचाई सुविधा समयमा पुर्‍याउन नसक्नँ, शाखा नहर नहुनु ।
- संघीय तथा प्रदेश सरकारका कार्यक्रमका रुपमा रहेका गाउँपालिका भरी छरिएर रहेका खानेपानी आयोजनाहरुलाई एकीकृत गरी समयमा सम्पन्न गर्न नसक्नु ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका सहकारीहरुलाई उत्पादन, विकास र पूँजी निर्माणमा लगाउन नसक्नु ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई विकास र जनताको आय आर्जनको प्रयायका रुपमा सञ्चालन गर्न नसक्नु ।
- विपद् उद्दार, राहत र पुर्नस्थापना खर्च वर्षेनी बढ्दै जानु ।
- गाउँपालिकाको समग्र क्षेत्रमा सूचना प्रविधिको प्रयोग गर्नु ।
- कार्यक्रम स्वीकृत तथा अख्तियारी समयमा नै आउन नसक्नु  र योजनाको सम्झौता समयमै नहुन ।
- टोल विकास संस्थाको भुमिका प्रभावकारी नहुनु, टोल विकास संस्था गठनमा राजनीतिकरण हुनु ।
- प्राविधिक कर्मचारीले वडा सचिबको जिम्मेवारी बहन गनुपरेको ।
- सीप विकास तालिमलाई रहरको रुपमा लिने सिपको उपयोग नहुने ।
- दक्ष जनशक्तिको अभाव ।
- योजना कार्यान्वयन र बजेट बिनियोजनमा प्रष्टता नहुनु ।
- छाडा चौपायहरुको व्यवस्थापन ।
- प्राविधिक लागत अनुमान भन्दा फरक शिर्षकमा कार्य हुनु ।
- स्विकृत बजेट र कार्यक्रम बिपरित खर्च ।
- नदिजन्य पदार्थ किनबेचको बिल संलग्न नहुनु ।
- टुक्रे योजनामा वजेट बिनियोजन हुनु ।
- Digital साक्षरताको कमि ।
- सबैमाझ internet access नहुनु ।
- अध्याधिक बेरुजुको चाप ।

- योजना तर्जुमाका चरणहरु कार्यान्वयन नहुने गरेको ।
- कार्यक्रम स्वीकृत तथा अख्तियारी समयमा नै आउन नसक्नु ।
- प्रयाप्त शिक्षक दरबन्दी, विषयगत शिक्षक तथा माध्यमिक तहको शिक्षक दरबन्दीको अभाव ।
- विद्यालय नक्साङ्कनका आधारमा एकीकरण तथा समायोजन गर्नु ।
- विद्यार्थी संख्या अधिक भएका विद्यालयहरुमा प्रयाप्त भौतिक पुर्वाधार नरहेकोले कक्षाकोठा निर्माण, शौचालय निर्माण, मर्मत, घेरवार कार्यक्रमको व्यवस्थापन ।
- सामुदायिक बिध्यालयमा विद्यार्थी टिकाउनु तथा सिकाई सुधार गर्न चुनौती, गुणस्तरिय शिक्षा नहुनु ।
- निःशुल्क तथा अनिवार्य विद्यालय शिक्षाको प्रभावकारी कार्यान्वयनमा चुनौती, बिभिन्न बाहानामा शुल्क लिने गरिएको ।
- आर्थिक तथा सामाजिक रुपमा जोखिम समुहका बालबलिकालाई विद्यालयमा ल्याउनु ।
- किषानको माग अनुसारको बिउ नपाइनु, समयै बिउबिजन र मल उपलब्ध नहुनु ।
- सिचाइको सुविधा नहुनु, शाखा नहर नबन्नु ।
- कृषी सामाग्री तथा औजार वितरणमा दोहोरापना (वास्तविकले नपाउने, कसैले दोहोरा पाउने) ।

## १७. कार्यालय तथा योजनाहरुको स्थलगत अवलोकनबाट प्राप्त तथ्यहरु :

- नागरिक बडापत्र उचित व्यवस्थापन हुनुपर्ने ।
- गुनासो पेटिकाको प्रयोग नभएको ।
- पार्किङ्गको उचित व्यवस्थापन नभएको ।
- टोल विकास संस्थामार्फत सञ्चालति आयोजना स्थलमा सूचना बोर्ड राख्ने गरिएको भएपनि ठेक्कामार्फत सञ्चालति स्थलमा सुचना बोड राख्ने नगरिएको ।
- कार्यालय समयमा सबै कर्मचारीहरु आफ्नो कार्यकक्षमा नभेटिने गरिएको ।
- सरकारी पोषाखमा सबै कर्मचारीहरु उपस्थित नहुने गरेको ।
- योजना सम्पन्न भएपछि सार्वजनिक परीक्षण नभएको ।
- योजना सूरु हुनुभन्दा अघि समुदायका व्यक्तिलाई जानकारी हुने गरेको ।
- आवश्यक्तामा आधारित योजना निर्माण भएको ।
- डुवान हुने समस्या समाधान भएको ।
- बाटाको कालोपत्रे छोटो समयमै भत्किएको ।

- टोलटोलमा सुचनापाटी राखिएको ।
- ६ नं. को स्वास्थ्य संस्थाको पर्खाल बन्दा सरक्षित भएको ।
- सालनाल विसर्जन गर्ने घर बन्दा सालनाल विसर्जन गर्न सजिलो भएको ।
- फोहोर जलाउन सजिलो भएको ।
- धेरै अग्लो र लामो करिव ९६ मिटर पर्खाल बनाउदा बिचमा एक ठाउँमा पनि सरिया र बिम नराखिएको जस्का कारण भतकिने डर भएको ।
- पर्खाल पलस्टर विनाको बनेको ।
- योजनाको वजेट समुदायका ब्यक्तिलाइ थाहा नहुने ।
- काम गरेको रकम नपाएको ।
- कृषि अनुदान लिन सहज नभएको, दुख पाउने गरेको ।
- व्यवसायिक तरकारी खेतिको उचित बजारीकरणमा सहयोग गर्नुपर्ने ।

स्थलगत अवलोकनका केहि तस्बिरहरु








## १८. अन्तवार्ता र समूहगत छलफलबाट प्राप्त तथ्यहरु :

- कृषिको तालिमका सहभागि छनौट गर्दा वडासंग समन्वय नभएको ।
- महिला, बालबालिका सशक्तिकरण, कृषि, पशुपालन, सिपमुलक र आयआर्जनसंग जोडिएका कार्यहरुमा ध्यान दिनुपर्ने ।
- सालको पातको दुनाटपरी बनाउने तालिम तथा मेसिन आवश्यक भएको ।
- सडक बत्ति र कतिपय स्थानमा बिधुत पोल नभएको ।
- योजना तर्जुमा गर्दा आम नागरिकको सहभागितामा आवश्यकतामा आधारित गनुपर्ने ।
- कृषिको अनुदान, बोरिङ्ग, धारा वितरण गर्दा विभेद हुने गरेको ।
- वडावडामा सार्वजनिक सुनुवाइ हुनुले नागरिकले सुझाव राख्न पाएको ।
- टोलविकास संस्थाको भुमिका उपभोक्ता समितिको जस्तै नभइ प्रभावकारी हुनुपर्ने ।
- चुनावको समयमा गरेका बाचा पुरा नभएको, चुनाव चितेपछि प्रतिनिधि गाउँमा नआएको ।
- ठेक्काबाट हुने योजनामा प्राधिकबाट कमिशन माग्ने गरिएको ।
- टोलविकास संस्थामार्फत सञ्चालन हुने योजनाको भुक्तानी लिन असहज हुने, पटकपटक धाउनुपर्ने ।
- पालिका तथा वडाबाट प्रवाह हुने सूचना सबैको पहुँचमा नहुँने, मागेपछिमात्रै सूचना पाइने ।
- धेरै क्षेत्रमा बाटोघाटो वनेको, बिनौना देखि कचनापुर जोड्ने बाटो र पुल बन्दा धेरै सहज भएको ।
- टोलविकास संस्थामा सर्वदलिय ब्यक्ति हुनुर्ने ।
- विभेदकारी विकास हुने गरेको ।

- गरिवमुखी योजना बन्नुपर्ने ।
- पशु तथा कृषि प्राविधिकहरु टोलमा नजाने गरेको ।
- बिभिन्न वडामा स्वास्थ्य सिविर सञ्चालन हुदा नागरिकले घरदैलौमै सेवा पाएको ।
- टोलविकास संस्थालाइ तालिम आवश्यक भएको ।
- कृषीको बिउ न्यायोचित वितरण हुनुपर्ने ।
- लालपुर्जा नभएको जग्गा भएका किषानले बिउ नपाउने गरेको ।
- कृषि, पशुमा बिमा नीति वडा स्तरबाटै अनिवार्य कार्यान्वयन हुनुपर्ने ।
- प्रकृया नमिलेर हुने ढिलाईको कुरा सेवाग्राहीहरुले नबुझ्दा समस्या, जनप्रतिनिधि कहाँ तत्काल गुनासो पुग्ने गरेको ।
- प्राकृतिक र पर्यटकिय रुपमा सम्भावना बोकेको पालिका भएपनि उपयोग गर्न नसकिएको ।
- सानो भुक्तानीको लागि टाढाबाट पालिका जानुपर्ने ।
- लक्ष अनुसारको आन्तरिक राजश्व उठाउन नसकिएको ।
- प्रप्रअ को छिटोछिटो सरुवा हुने ।
- वन जंगल प्रसस्त हुदा पनि पशुपालन हवको रुपमा विकास गर्न नसकिएको ।
- प्राविधिक कर्मचारीको अभाव, योजना सञ्चालन गर्दा प्राविधिकबाट सहयोग नपाइने ।
- टोलविकिास संस्थाबाट हुने भौतिक पुर्वाधारको योजनामा प्रयोग हुने सामाग्री कमसल खालको प्रयोग हुने ।
- वडाले सिरफारिस गरी पठाउदा समेत समयमा योजनाको सम्झौता नहुने ।
- समयसमयमा योजनाको वजेटान्तर हुनु, योजना परिवर्तन हुनु ।
- सार्वजनिक शौचालयको अभाव ।
- गाउँमा उतपादन भएको तरकारी बजार नपाउने, बाहिरबाट आउने तरकार प्रयोगमा आउने ।
- योजनाको वारेमा आम नागरिकलाइ जानकारी हुनुपर्ने ।
- औषधिको चरम अभाव हुने ।
- वडा नं. ६ को स्वास्थ्य केन्द्रको भवनको लागि जग्गा उपलब्ध गर्ने क्रममा सटर बनाइदिने भनि गरिएको प्रतिबद्धता पुरा नभएको ।
- वडा नं. ६ को कमैयाडाँडामा बिधुतको ट्रान्सफर्मर आवश्यक रहेको ।

- सिचाइको लागि बोरिङ्ग जोडेको ठाउँमा बिधुतको पोल र तार व्यवस्थापन गरिनुपर्ने ।
- आधुनिक कृषि पर्णालीको वारेमा कृषकलाइ तालिमको आवश्यक भएको ।
- युवालाइ स्वदेशमै रोजगारको सिर्जना गरी विदेश जानबाट रोक्नुपर्ने ।
- वडामा गठन भएका मेललिाप समिति निस्कृय भएको ।
- जैविक मल उतपादनमा जोड दिनुपर्ने ।
- बाटो बनाउदा पहुँचवालाको जग्गा बचाउने गरिएको ।
- नदिजनय पदार्थ उत्खननले वातावरण प्रदुषित हुने गरेको ।
- बाटो गुर्णस्तरिय नबन्दा छोटो समयमै कालोपत्रे भत्किने समस्या ।

**सामाजिक परीक्षण्को क्रममा गरिएको समूहगत छलफलका केहि तस्बिरहरु :**









सामाजिक परीक्षणको क्रममा गरिएको अन्तवार्ताका केहि तस्बिरहरु :
























## १९. पालिकाका अवसरहरु :

- देशैक बढी वन जंगल क्षेत्र भएको पालिका ।
- धार्मिक तथा पर्यटकीय क्षेत्रको विकास गर्न सकिने ।
- कृषि र पशुपालनको हव बनाउन सकिने सम्भावना छ ।
- स्थानीय गैर सरकारी संस्था तथा विज्ञहरुको समनव्यबाट समृद्ध पालिका बनाउन सकिने अवसर ।
- बालमैत्री, लैससमैत्री, अपांगमैत्री स्थानीय तह बनाउन सकिने अवसर ।
- विद्यालय शिक्षाको अधिकार स्थानीय तहमा हुनु ।
- देशकै गौरवको योजना सिकटा सिचाइ आयोजनाको सदुपयोग गर्न सकिने ।
- प्रसस्त नदिजन्य पदार्थ भएको पालिका ।

## २०.सुझाब तथा सिफारिसहरु :

- दरबन्दि अनुसारको जनशक्ति र दक्ष जनशक्तिको व्यवस्थापन गर्नुपर्ने, स्विकृत दरबन्दी अनुसारको कर्मचारी लोकसेवा आयोग संग माग गर्ने तथा स्विकृत दरबन्दी बमोजिमकै कर्मचारीहरु मात्रै करार सेवामा लिने तर्फ ध्यान दिनु पर्ने ।
- लैगिक मैत्री कार्यक्रम, नीति, बजेट बनाउनु पर्ने ।
- वडागत सिलिङ्गको आधारमा होइन विषयगत क्षेत्रको आधारमा वजेट बिनियोजन गर्नुपर्ने ।
- ल्यान्ण्ड फिल साईड निर्माण गरी फोहोरमैला ब्यवस्थापनमा ध्यान दिनुपर्ने ।
- नागरिकको आवश्यक्तामा आधारित सिपमुलक तथा रोजगारमुलक कार्यक्रममा वजेट बिनियोजन गर्नुपर्ने ।
- आन्तरीक सुशासन अभिबृद्धिमा थप जोड दिनुपर्ने ।
- वडागत सिलिङ्गको आधारमा होइन क्षेत्रगत विषयको आधारमा वजेट विनियोजन गर्नुपर्ने ।
- गुनासो मोबाइल एप प्रयोगको वारेमा सचेतना फैलाउनुपर्ने ।
- योजना तर्जुमाका सात चरणलाई पुर्ण कार्यान्वयन गर्नुपर्ने ।
- स्वत प्रकाशन तथा मासिक आयब्याय विवरण नियमित सार्वजनिक कार्यलाइ निरन्तर्ता दिनुपर्ने ।
- समयमै वजेट स्विकृत गरी अख्तियारी दिनुपर्ने, नीति तथा कानुनको कार्यानवयनमा ध्यान दिनुपर्ने ।
- बेरुजु कम गर्नका लागी जनप्रतिनिधी तथा कर्मचारी सबैले प्रचलित ऐन नियमको पुर्ण पालनामा ध्यान दिनु पर्ने ।
- नागरिकको इन्टरनेट सम्म पहुँच बढाउनुपर्ने ।

- आवश्यकता वमोजिम कर्मचारीहरुको क्षमता विकास तथा जनप्रतिनिधीहरुलाई निति नियमको विषयमा जानकारीमुलक तालिम तथा गोष्ठीहरु संचालन गर्नु पर्दछ ।
- .निर्माण सम्बन्धि कार्यहरुको सम्बन्धमा प्रत्येक वडामा सञ्चालित कार्यहरुको प्राविधिकहरुबाट बेला बेला अनुगमन हुनु पर्ने ताकि प्राविधिक लागत अनुमान अनुसारकै कार्य सम्पन्न हुन सकोस ।
- वडा कार्यालयबाट भुक्तानीका लागी सिफारिस दिदै गर्दा भएको कार्य र  संलग्न बिल भरपाईको चेकजाँच गरि मात्र सिफारिस गर्नुपर्ने ।
- योजना कार्यन्वयनका क्रममा आवश्यक पर्ने कुराहरुको जानकारीका लागी टोल बिकास संस्था /उपभोक्ता समिति वा लाभग्राही समुहहरुलाई तालिम प्रदान गर्नु पर्ने ।
- स्विकृत बार्षिक बजेट तथा कार्यक्रम बमोजिमकै खर्च गर्ने कुरामा ध्यान दिन आवश्यक देखिन्छ ।
- कार्यालयले गर्ने खरिद कार्यको सम्बन्धमा बार्षिक खरिद योजना बनाइ सोही बमोजिमको खरिद कार्य अगाडी बढाउनु पर्ने ।
- पालिका र सबै वडा कार्यालयमा नागरिक वडापत्र ब्यवस्थापन गर्नुपर्ने ।
- गाउँपालिकाले संघ संस्थाहरुलाई प्रदान गर्ने अनुदानका विषयमा पालिकाले अनुदान सम्बन्धी कार्यविधि बनाएर मात्र अनुदान दिने र अनुदान खर्चको अनुगमन गर्न तर्फ कार्यालयले ध्यान दिनु पर्ने ।
- पत्रपत्रिका तथा संचारमाध्यामलाइ दामासाही तरिकाले टुक्रा टुक्रामा नभई बार्षिक ठेक्का आव्हान गरी नीति नै बनाएर आवश्यक कार्य गर्नुपर्ने  ।
- पेश्की फर्छ्यौट र बेरुजु घटाउन तर्फ ध्यान दिनुपर्ने पेश्कि दिने कार्यलाइ निरत्साहित गर्नुपर्ने ।
- न्युन दरबन्दी रहेका विद्यालयहरुलाई थप दरबन्दीको व्यवस्था हुनु पर्ने ।
- समयमै प्रस्ताव, डिजाइन तथा इस्टिमेट र कार्य सम्झौता गरी कार्य गर्नुपर्ने ।
- जनप्रतिनिधिहरु नियमित टोलस्तरमा नागरिकसंग भेटघाटमा जानुपर्ने ।
- आवश्यक कानूनको निर्माण: विकास निर्माणका कार्यहरूलाई प्रचलित संघ तथा गाउँपालिकाको ऐन कानून तथा नियमावलीको समेत अध्ययन गर्दै अगाडि बढाउन पर्ने ।
- नियमित सहभागितामुलक अनुगमन, सुपरीवेक्षण र निर्देशन कार्यलाइ प्रभावकारी बनाउनुपर्ने ।
- नीतिले सम्बोधन गर्ने गरी बजेट निमार्ण गर्ने ।
- मलेपले दिएको सुझावहरु यथासक्य कार्यन्वयन गर्ने ।
- बार्षिक नीति, कार्यक्रममा प्रभावकारी सुझाव संकलन गर्नुपर्ने ।
- पुरस्कार र दण्डको व्यवस्था ।

- पर्यटकीय तथा धार्मिक स्थलहरुको संरक्षण, सम्वर्द्धन, प्रचार, प्रसार, प्रबर्द्धनमा ध्यान दिनुपर्ने, पालिकालाइ पर्यटकिय स्थलको रुपमा विकास गर्नुपर्ने ।
- नदिजन्य पदार्थ घाटगद्धी मार्फत ठेक्कामा लगाउनुपर्ने ।
- गुर्णस्तरिय विकासमा ध्यानदिनुपर्ने ।
- औषधि आपुर्तीलाइ सहज बनाउनुपर्ने ।
- सिक्टा सिचाइ आयोजनाको पुर्ण सदुपयोग गर्नुपर्ने, आवश्यक शाखा नहर निर्माण गर्नुपर्ने ।
- कृषीको बिउबिजन तथा मल समयमै कृषकलाइ वितरण गर्नुपर्ने, कृषि अनुदानलाइ प्रभावकारी वितरणमा ध्यान दिनुपर्ने ।
- कृषि, पशुसेवा लगायतका प्राविधिक कर्मचारीहरु नियमित टोलटोलमा जाने व्यवस्था मिलाउनुपर्ने ।

मन भण्डारी

सामाजिक परीक्षक

(बास नेपाल)